स्थानीय सरकार
Local Government

# पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality

# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.२०८१/०८२
च.नं.

**पथरी शनिश्चरे नगरपालिकाको प्लाष्टिक झोला निषेध सम्वन्धी अत्यन्त जरुरी सूचना ।**
(सूचना प्रकाशन मिति : २०८२/०२/०५)

नेपाल सरकारबाट प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ अनुसार ४० माईक्रोनभन्दा पातलो प्लाष्टिक झोला उत्पादन,आयात,बिक्री बितरण तथा प्रयोगमा प्रतिवन्ध लगाएको सर्वबिदितै छ । प्लाष्टिक झोला प्रयोग गर्नाले वातावरणमा प्रतिकुल प्रभाव पर्ने बस्ति खोला नदी पानीका मुहान ढल आदि प्रदूषित हुने भएकोले यस पथरी शनिश्चरे नगरपालिकाको सन्दर्भमा पनि ४० माईक्रोनभन्दा पातलो प्लाष्टिक झोला उत्पादन बिक्रि बितरण तथा उपयोगमा बृध्दि भएको पाईएको छ। वातावरणमा यति संबेदनशिल प्रभाव पारिरहेको प्लाष्टिक झोला (**बिशेष गरि कालो प्लाष्टिकको झोला**) निषेध गर्न आगामी दिनमा थप कडाईका साथ लागू गर्न तयारी रहेकोले सम्बन्धित सबैले ४० माईक्रोनभन्दा पातलो प्लाष्टिक झोला उत्पादन बिक्री बितरण तथा प्रयोग नगर्नु/नगराउनुहुन पथरी शनिश्चरे नगरपालिका अनुरोध गर्दछ । सूचना प्रकाशित मितिदेखि पथरी शनिश्चरे नगर क्षेत्रभित्र यस्ता ४० माईक्रोनभन्दा पातलो प्लाष्टिक झोला उत्पादन बिक्रि बितरण तथा प्रयोगको अवस्थालाई कडाईका साथ अनुगमन गरिने र यो सूचना बिपरित कार्य भएको पाईएमा वातावरण संरक्षण ऐन,२०७६ र वातावरण संरक्षण नियमावली,२०७७ बमोजिम कारबाही हुने ब्यहोरा समेत जानकारी गराइन्छ ।

शशि राई
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**
सबै वडा कार्यालय-१ देखी १०।

CamScanner